# मादी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड १ संख्या: १७ मिति: २०७५।०८।२८

# भाग-२

## मादी नगरपालकिाद्वरा प्रकाशित

## कृषि तथा पशु विकास कार्यक्रम संचालन निर्देशिका,

## २०७५

# कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७५

**प्रस्तावनाः** गरिवी निवारणका लागि व्यवसायिक कृषि तथा पशु विकासको कार्यक्रम सञ्चालन गरी कृषक, आमा समूह, कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यम मार्फत कृषिजन्य र पशुजन्य उपजको उत्पादन, उत्पादकत्व र निकासी अभिवृद्धि गरी समावेशी आर्थिक विकास हासिल गर्ने प्रयोजनको लागि प्रशासकीय कार्यविधी नियमित तथा व्यवस्थित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम मादी नगर कार्यपालिकाले यो कार्यविधी स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारपभक

**१) संक्षिप्त नाम र प्रारम्भ**

१) यो कार्य्विधीको नाम "**कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन कार्यविवधी, २०७५**" रहेको छ।

२) यो कार्यविधी मादी नगरकार्यपालिकाबाटस्वीकृत भएपश्चात लागू हुनेछ ।

२) **परिभाषाः**विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

क) "आमा समूह" भन्नाले मादी नगरपालिकाको आमा समूह गठन तथा सञ्चालन कार्य्विधी, २०७५ बमोजिम गठित आमा समूह भन्ने सम्झनु पर्नेछ ।

ख) "कृषक समूह" भन्नाले मादी नगरपालिकाको कृषक समूह गठन तथा सञ्चालन कार्यविधी, २०७५ बमोजिम गठित कृषक समूह भन्ने सम्झनु पर्नेछ ।

ग) "कृषि फर्म" भन्नाले मादी नगरपालिकाको कृषि व्यवसाय सम्बन्धी फर्म वा एजेन्ट दर्ता तथा नियमन सम्बन्धी कार्यविधी, २०७५ बमोजिम गठित कृषि वा पशु सम्बन्धी व्यवसाय गर्ने निजी वा साझेदारी फर्म वा अन्य प्रचलित कानून बमोजिम तोकिएको सरकारी संयन्त्रमा दर्ता भएका कृषि वा पशु सम्बन्धी साझेदारी फर्म भन्ने सम्झनु पर्नेछ ।

घ) "कोष भन्नाले यस कार्यविधी बमोजिम गठित कृषि उद्यमशीलता विकास कोष भन्ने सम्झनु पर्नेछ ।

ङ) "कृषि सहकारी भन्नाले मादी नगरपालिकाको सहकारी ऐन, २०७५ बमोजिम गठित कृषि वा पशु सम्बन्धी व्यवसाय गर्ने सहकारी संस्था भन्ने सम्झनु पर्नेछ ।

च) "कार्यालय भन्नाले मादी नगरकार्यपालिकाको कार्यालय भन्ने सम्झनु पर्नेछ ।

छ) "कार्यक्रम भन्नाले मादी नगरपालिकाको कृषि तथा पशु विकास कार्यक्रम भन्ने सम्झनु पर्दछ ।

ज) "परियोजना भन्नाले कार्यक्रम अन्तर्गत सञ्चालन गरिने पशु, कृषि, मत्स्य, कृषि उद्यम, कृषि पर्यटन वा अन्य सम्बन्धित व्यवसायिक क्रियाकलापहरु सम्झनु पर्दछ ।

झ) "व्यवसाय सम्बर्धन भन्नाले यो कार्यविधीको प्रयोजनको लागि कृषि, पशु, मत्स्य क्षेत्रमा नविन सोच र विचारलाई नविनतम प्रविधि समेतको उपयोग गरेर सृजनशील, सक्षम र प्रतिस्पर्धी उद्योग व्यवसायमा रुपान्तरण गराउने क्रियाकलापहरु सम्झनु पर्दछ ।

ञ) "व्यवसायिक योजना भन्नाले व्यवसायिक सोच र त्यसलाई हासिल गर्न तयार गरिएको परियोजनाको नाम, वार्षिक उत्पादन क्षमता, कारखाना वा व्यवसाय स्थापना हुने स्थान, वार्षिक काम गर्ने समय, कुल पुँजी लगानी, वित्तीय संस्थाबाट ऋण, मुनाफाको अपेक्षित

प्रतिफल प्रतिशत, पार विन्दु (Break Even Point), मुनाफा र रोजगारी सृजना सहितको यस कार्यवधीको अनुसूची-२ बमोजिमको विवरण भन्ने बुझ्नुपर्नेछ ।

३) **उद्देश्य-** यस कार्यविधीको उद्देश्य देहायबमोजिम कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन गर्नु हुनेछ ।

क) कृषि र पशुजन्य उत्पादनको लागत कम गरी कृषि उपजलाई प्रतिस्पर्धी बनाउन सहयोग गर्ने,

ख) कृषक, फर्म, समूह, सहकारी, उद्योग मार्फत व्यवसायिक कृषि, पशु, मत्स्य उत्पादन तथा प्रशोधन मार्फत मूल्य अभिवृद्धि गर्ने,

ग) कृषक र आमा समूहको क्षमता अभिवृद्धि गरी साझेदारी फर्म वा निजी फर्महरुको विकास गर्ने,

घ) कृषि उद्योग र उद्यमशीलता अभिवृद्धिगर्न आधारशीला तयार गर्ने ।

## परिच्छेद - २
## कार्यक्रम सञ्चालन प्रकृया

### ४) कार्यक्रम लागू हुने क्षेत्र र समय

यो कार्यक्रम आ.व. २०७५।७६ देखि मादी नगरपालिकाको क्षेत्र भित्र आगामी ५ वर्षसम्म लागू हुनेछ ।

### *५) वस्तुगत अनुदान वितरण विधी*

क) गाई, भैंसी, वंगुर, खसी, बाख्रा, भेंडा, च्याङ्ग्रा जस्ता पशुधन खरिद अनुदान वितरण गर्दा छनौट भएका लाभग्राहीले पशुधन विक्रीगर्ने स्रोत केन्द्र (संस्था, फर्म वा व्यक्ती)सँग पशु खरिद गर्ने समयमा कार्यालयको प्रतिनिधीको उपस्थितिमा मूल्य निर्धारण गरी कायम

भएको मूल्यको ५० प्रतिशत सम्बन्धित विक्रेतालाई सोझै भुक्तानी गरिनेछ ।

ख) शत प्रतिशत अनुदानमा वितरण गरिने सामाग्री, विउविजन, औजार, प्रविधि, मेशिनरीहरु कार्यालयले सार्वजनिक खरिद कानून बमोजिम खरिद गरि छनौट भएका समूह वा सहकारीलाई एकमुष्ठ रुपमा वितरण गर्नेछ ।

ग) आंशिक अनुदानमा वितरण गरिने सामाग्री, मेशिनरी, औजारहरु कार्यालयले सार्वजनिक खरिद कानून बमोजिम खरिद गरि जिन्सी दाखिला गर्नेछ ।छनौट भएका समूह वा सहकारीलाई नियमानुसार समूह वा सहकारीले व्यहोर्नुपर्ने लागत सहभागिता रकम खुलाई जिन्सी हस्तान्तरणको निवेदन पेश गर्न कार्यालयले सूचित गर्नेछ । कार्यालयको वैंकखातामा बुझाएको लागत सहभागिताको भौचर सहित सम्बन्धित लाभग्राहिले निवेदन पेश गरेपश्चात त्यस्तो सामाग्री, मेशिनरी वा औजारहरु एकमुष्ठ रुपमा वितरण, हस्तान्तरण र जिन्सी लगत कट्टा गरिनेछ ।

## ६) पूँजीगत निर्माण अनुदान वितरण विधी

क) परियोजना अन्तर्गत सहयोग गरिने भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमहरु उपभोक्ता समितिबाट पूँजीगत निर्माण सम्बन्धि कार्य गर्न बनेको कार्यविधी वा खरिद कानूनको प्रकृयाबाट सम्पन्न गरिनेछ ।

ख) आंशिक अनुदानबाट सञ्चालन गरिने यस्ता सवै परियोजनाहरुमा समूह वा सहकारीबाट लागत सहभागिता बराबरको रकम कार्यालयको खातामा जम्मा भए पश्चात, वा सहभागिता रकमको मूल्यबराबरको काम सम्पन्न भइसके पश्चात गरिएको थप कार्यको

लागि, रनिङ्ग विलको आधारमा वा अन्तिम फरफाराक पश्चात भूक्तानी गरिनेछ ।

**७) उत्पादन र सेवामूलक क्रियाकलापलाई अनुदान सहयोग वितरण विधी**

क) **प्रकारका तालिम, परामर्श र विज्ञ सेवाहरु:**सवै कार्यालयले प्रचलित कानून अनुसार खरिद गरि लाभग्राहीलाई सेवा प्रदान गर्नेछ

ख) **ढुवानी अनुदान वितरणको व्यवस्था:** कार्य सम्पन्न भएपश्चात विल बमोजिम कर कट्टा गरि भुक्तानी हुनछ ।

ग) मल उत्पादन, दाना उत्पादन, विउ उत्पादन, कृषि उपज प्रशोधन वा प्याकेजिङ्ग, प्रविधि विकास र अनुसन्धान सम्बन्धित कार्यलाई दिइने अनुदान दुई किस्तामा प्रदान गरिनेछ ।प्रस्ताव र व्यवसायिक योजना छनौट भई कार्यालय र लाभग्राहि विच सम्झौता भएपश्चात कार्यालयले स्थलगत अनुगमन गरि त्यसको सिफारिश, फोटो सहितको प्रतिवेदनका आधारमा स्वीकृत अनुदान रकमको ५० प्रतिशत बराबरको रकम पहिलो किस्तामा उपलव्ध गर्नेछ । व्यवसायिक योजना तथा कार्ययोजनामा सो आर्थिक वर्षमा सम्पन्न गर्ने गरि तोकिए बमोजिमको काम सम्पन्न भएपश्चात लाभग्राहीबाट वडा कार्यालयको सिफारिश सहितको निवेदन प्राप्त भएपछि कार्यालयले अनुगमन गरि उपयुक्तताको आधारमा अन्तिम किस्ताको रकम प्रवाह गर्नेछ ।

**८.कोषको व्यवस्था र ऋण प्रवाह विधि**

कार्यलयले देहाय बमाजिमको कोष स्थापना गरी दृहाय बमोजिमको निर्व्याजी वा सहुलियत ऋण प्रदान गर्नेछ ।

१. कृषि तथा पशु विकास कार्यक्रमहरु सञ्चालन गर्न कार्यलयमा एक कृषि तथा पशु उध्यमसीलता विकास कोष रहनेछ ।

२. कोषमा देहायबमोजिमका रहने छन् ।

क) संघीय वा प्रादेशिक वित्तिय समानिकरण अनुदानबाट छुट्याइएको रकम

ख) विदेशी करकार,संघ,संस्था वा व्याक्तिबाट प्राप्त रकम

ग. स्वदेशी संघ,संस्था व्यावसायी वा व्यक्तिबाट प्रप्त रकम

घ.कार्यलयको आन्तरिक राजश्वको स्रोतबाट छुट्याइएको रकम

ङ.अन्यकुनै स्रोतबाट प्राप्त रकम

३.कोषबाट वार्षिक रुपमा सञ्चालन गरिने कार्यक्रमहरु स्वीकृत गर्न तथा कोषको कार्यक्षेत्र अनुसार नीतिगत निर्देशन दिने देहाय बमोजिमको कोष संचालक समिति रहनेछ ।

क. नगर प्रमुख अध्यक्ष

ख. नगर उपप्रमुख उपाध्यक्ष

ग. आर्थिक विकास समितिका अध्यक्ष,सदस्य

घ. नगर प्रमुखले तोकेको एकजना वडा अध्यक्ष,सदस्य

ङ. प्रमुख प्रशासकीय अधिकृत,सदस्य सचिव

४. कोष संचालक समितिको बैठक आवस्यकता अनुसार नगर प्रमुखको निर्देशनमा बस्नेछ ।

५. कोषले उपदफा २को खण्ड ख बमोजिमको रकम प्रप्त गर्दा संघीय सरकारको संघीय मामिला र अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्नेछ ।

६. कोषको रकम सरकारी खाता संचालन गर्ने नजिकको कुनै क वर्गको वाणिज्य वैंकमा छुटै वा प्रचलित नियमानुसारको खाता खोलि संचालन गर्नुपर्नेछ ।

७. कोषको खाताको रकम  आर्थिक वर्षको अन्त्यमा फ्रीज हुनेछैन ।

८. कोषको खाता प्रचलित कानुन बमोजिम संचालन हुनेछ ।

९. प्रस्तावकले प्रस्तुत गरेको व्यवसायिक योजना ऋण परियोजनामा छनौट भएमा प्रस्तावकले योजनाको ४० प्रतिशत वा ३ लाख मध्ये जुन कम हुन्छ सोहि रकम बराबर सहुलियत ऋण प्रदान गर्न सकिनेछ ।

तर मासु, माछा वा दुध प्रशोधन वा कृषि पर्यटन व्यवसायको हकमा व्यवसायिक योजनाको ६० प्रतिशत वा रु. ५ लाख मध्ये जुन कम हुन्छ सोहि बराबर सहुलियत ऋण प्रदान गर्न सकिने छ ।

१०. कोषबाट प्रवाह हुने सहुलियत ऋण प्रस्तावित व्यवसायिक योजनाको धितोमा प्रदान गरिनेछ ।उक्त सहुलियत ऋणको व्याजदर वार्षिक ६ प्रतिशत रहनेछ ।त्यस्तो ऋण रकमको साँवा व्याज त्रैमासिक किस्तामा जम्मा दश किस्तामा तिर्नुपर्नेछ ।

११. किस्ता तिर्ने तालिका अनुसार प्रत्येक त्रैमासमा नियमित किस्ता तिर्ने ऋणीलाई वार्षिक व्याज दरमा १ प्रतिशत कम गरी वार्षिक ५ प्रतिशत व्याजदर कायम हुनेगरी प्रत्येक आर्थिक वर्षको अन्तिम किस्ता तिर्ने वखत छुट प्रदान गरिनेछ ।

१२. कोषबाट प्रवाह हुने ऋणलाई व्यवस्थापन, परिचालन, असुली लगायतका काम गर्न स्थानीय स्तरमा कार्यरत "क" वर्गको कुनै वाणिज्य बैंकसँग सम्झौता गरि कार्यालयले कार्य सञ्चालन गर्नेछ ।

१३. त्यसरी कुनै वाणिज्य बैंकले ऋण व्यवस्थापन कार्य गरेमा कार्यालयको तर्फबाट प्रवाह हुने सहुलियत ऋणमा लिइने व्याज आम्दानी मध्ये २ प्रतिशत व्याज बराबरको रकम प्रत्येक आर्थिक वर्षको अन्त्यमा सो बैंकलाई प्रशासनिक खर्चबापत दिइनेछ ।

१४. प्रस्ताव छनौट भएर सहुलियत ऋण प्रदान गर्दा दुई किस्तामा प्रदान गरिनेछ ।प्रस्ताव र व्यवसायिक योजना छनौट भई कार्यालय र लाभग्राहि विच सम्झौता भएपश्चात कार्यालयले स्थलगत अनुगमन गरि त्यसको सिफारिश, फोटो सहितको प्रतिवेदनका आधारमा स्वीकृत ऋण रकमको ५० प्रतिशत बराबरको रकम पहिलो किस्तामा उपलब्ध गर्नेछ ।दोस्रो किस्ता प्रदान गर्दा व्यवसायिक योजना तथा कार्ययोजनाको ४० प्रतिशत कार्य सम्पन्न भए पश्चात लाभग्राहीबाट वडा कार्यालयको सिफारिश सहितको निवेदन प्राप्त भएपछि कार्यालयले अनुगमन गरि उपयुक्तताको आधारमा अन्तिम किस्ताको रकम प्रवाह गर्नेछ ।

१५. यस कार्यविधी अनुसार सहुलियत प्राप्त गर्ने ऋणीको तीन पुस्ते सहितको विवरण नगरपालिकाले राख्नेछ ।कुनै किस्ता तिर्ने समय १ महिना गुज्रे पश्चात सम्बन्धित बैंकले ऋणीको विवरण सहित नगरपालिकालाई लिखित जानकारी गराउनु पर्नेछ ।

९) **छनौटको मापदण्ड:** कार्यक्रममा देहाय बमोजिम लाभग्राही तथा सेवा प्रदायक छनौट गरिनेछ,

क) सेवा प्रदायक छनौटको मापदण्ड प्रचलित सार्वजनिक खरिद ऐन, नियम बमोजिम हुनेछ ।

ख) लाभग्राही छनौटको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछ ।

१. समूह, फर्म वा सहकारी यस नगरपालिकामा दर्तारनवीकरण भएको प्रमाण पेस गर्नुपर्नेछ ।

२. कृषक वा एजेण्टको हकमा नेपाली नागरिकताको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

३. फर्म र सहकारीको हकमा एब्ल्रख्ब्त दर्ता गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

४. फर्म र सहकारीको हकमा अघिल्लो आ.व. मा करचुक्ता गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

५. प्रस्तावसाथ तोकिए बमोजिमको व्यवसायिक योजना प्रमाणित गरी पेश गरेको हुनुपर्नेछ ।

६. लाभग्राही छनौटको सूचनामा तोकिए बमोजिमको व्यवसायिक ईकाइलाई मात्र सम्बन्धित सूचना अनुसारको प्रस्ताव पेश गर्ने अधिकार हुनेछ ।

ग) कृषक, एजेण्ट, फर्म क्षेत्रका लाभग्राहीहरुका लागि खण्ड(ख) बमोजिम छनौटका न्यूनतम मापदण्ड पुरा गर्ने प्रस्तावहरु मध्येबाट लाभग्राही छनौट गर्ने प्रयोजनको लागि देहाय बमोजिम अंकभार प्रदान गरिनेछ:

१. गरिव, दलित र अति सीमान्तकृत वर्गको प्रस्तावक भए - १० अंक

२. युवा, महिला, वैदेशिक रोजगारीबाट फर्की व्यवसाय सुरु गर्ने प्रस्तावक भए - १० अंक

३. सम्बन्धित व्यवसायमा न्यूनतम १ हप्ते तालिम लिएको प्रमाण पेश भए - १० अंक

४. प्रस्तावकको आधिकारिक व्यवसायिक अनुभव न्यूनतम १ वर्ष पुरा भए - १० अंक

५. प्रस्तावित व्यवसायमा प्रस्तावकको लागत साझेदारी ५० प्रतिशत भन्दा बढी भए - २० अंक वा ४० प्रतिशत भन्दा बढी भए १५ अंक वा ३० प्रतिशत भन्दा बढी भए १० अंक

६. प्रस्तावित व्यवसायमा प्रस्तावकको तर्फबाट भौतिक पूर्वाधारमा रु १ लाख भन्दा बढी लगानी गरेको प्रस्ताव पेश भएमा - २० अंक वा ५० हजार भन्दा बढी लगानी भए १० अंक

७. प्रस्तावित व्यवसायले न्यूनतम १ जना महिला सहित २ जना वा सो भन्दा बढीलाई रोजगारी सृजना गर्ने प्रस्ताव भएमा - २० अंक

४. कृषक समूह, आमा समूह र सहकारी क्षेत्रका लाभग्राहीहरुका लागि खण्ड-ख) बमोजिम छनौटका न्यूनतम मापदण्ड पुरा गर्ने प्रस्तावहरु मध्येबाट लाभग्राही छनौट गर्ने प्रयोजनको लागि देहाय बमोजिम अंकभार प्रदान गरिनेछ:

१. सम्पूर्ण रुपमा गरिव, दलित र सीमान्तकृत वर्गको समूह भए - २० अंक

वा

समूहमा गरिब, दलित वा सीमान्तकृत वर्गको सहभागिता न्यूनतम २०५ भएमा - १० अंक

२) समूह सदस्यले सम्बन्धित व्यवसायमा तालिम लिएको प्रमाण पेश भए - २० अंक

३) युवा कृषक समूह वा वैदेशिक रोजगारीबाट फर्की व्यवसाय गर्ने समूह भए - २० अंक

४) प्रस्तावित व्यवसायमा समूहको लागत साझेदारी ५० प्रतिशत भन्दा बढी भए - २० अंक

५) समूहको व्यवसायिक अनुभव न्यूनतम १ वर्ष वा सो भन्दा बढी भए - १० अंक

६) समूहको सामूहिक पुँजी १ लाख रुपैया वा सो भन्दा बढी भए - १० अंक

## १०) प्रस्ताव आह्वान र संकलन

क) कार्यालयले अनुसूची १ बमोजिमको १ महिनाको अवधि सहित प्रस्ताव आह्वान सूचना प्रकाशन गर्नेछ ।

ख) इच्छुक कृषक, फर्म, समूह, सहकारी वा उद्योगबाट अनुसूची-२ बमोजिमको प्रस्ताव आवेदन, अनुसूची-३ बमोजिम व्यवसायिक योजना, अनुसूची(४ बमोजिम प्रस्तावकले भर्ने कबुलियतनामा तथा दफा ९ को उपदफा (ख) र (ग) वा (घ) बमोजिमको व्यहोरा खुल्ने कागजात सहित प्रस्ताव पेश गर्न स्थानीय पत्रपत्रिका, रेडियो, माइकिङ्ग वा वडा कार्यालय मार्फत प्रकाशनर प्रसारणर जानकारी गराउनुपर्नेछ ।

## ११) लाभग्राही वा सेवा प्रदायकका प्रस्तावको मूल्यांकन र छनौटः

क) यस कार्यविधीमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक कार्यक्रम सञ्चालन प्रयोजनका लागि सम्बन्धित सूचना अनुसारको लाभग्राही वा सेवा प्रदायक छनौट प्रस्तावको मूल्यांकनको लागि देहाय बमोजिमको एक मूल्यांकन समिति हुनेछः

१) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

२) प्रशासकीय अधिकृत - सदस्य

३) लेखा शाखा प्रमुख - सदस्य

४) योजना शाखा प्रमुख - सदस्य

५) आर्थिक विकास शाखा प्रमुख -सदस्य सचिव

ख) मूल्यांकन समितिले प्रस्तावहरुको मूल्यांकन गर्दा दफा ९ मा उल्लिखितछनौट मापदण्डको आधारमा प्रारम्भिक र अन्तिम मूल्यांकन गर्नुपर्नेछ ।मूल्यांकन समितिले आवश्यक ठानेमा प्रस्तावहरुको परिक्षण गर्न स्थलगत निरिक्षण, प्राविधिक परिक्षण गरी, गराई आवश्यक निर्णय लिन सक्नेछ ।

ग) मूल्यांकन समितिले अनुसूची ५ बमोजिमको परियोजना प्रस्ताव मूल्यांकन फाराम भरि, तुलनात्मक अध्ययनको आधारमा छनौटको सिफारिश गरि प्रस्तावहरु कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

घ) यस कार्यविधी बमोजिम मूल्यांकन समितिले गरेको सिफारिश बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको प्रस्ताव छनौटको निर्णय अन्तिम हुनेछ ।

ङ) अन्तिम छनौट भएका स्वीकृत प्रस्तावहरुलाई सूचना अनुसारको सुविधा (अनुदान, ऋण, परामर्श, वस्तुगत सहयोग, प्रविधि वा अन्य) प्रदान गर्न कार्यालयले लाभग्राही सँग अनुसूची(६ बमोजिमको परियोजना कार्यान्वयन सम्झौता गर्नुपर्नेछ ।

च) कार्यालयले परियोजना कार्यान्वयन सम्झौता सम्पन्न गरेपश्चात अनुसूची-७ बमोजिमको ढाँचामा परियोजना सम्झौताको लगत राख्नेछ ।

## परिच्छेद–३
## विषयगत क्षेत्र र परियोजनाहरु

१२) कार्यक्रमका विषयगत क्षेत्रहरु

क) कृषिजन्य पदार्थ उत्पादन, विविधीकरण, भण्डारण र वजारीकरणको लागि आवश्यक भौतिक पूर्वाधार, विउविजन, मलखाद, औजार, उपकरण खरिद तथा अनुदान

ख) पशु वा मत्स्यजन्य पदार्थ उत्पादन, विविधीकरण, प्रशोधन र वजारीकरणको लागि आवश्यक भौतिक पूर्वाधार, माउ पशु, दाना, औजार, उपकरण खरिद तथा अनुदान

ग) कृषि प्रसार, पशुसेवा प्रवर्धन, क्षमता विकास, कृषक तालिम, पशु खोप, स्वस्थ्य परिक्षण, पशुवीमा लगायतका सेवा प्रवाह र सहजीकरण

घ) कृषि तथा पशु व्यवसायमा मूल्य श्रृंखला (ख्बगिभ ऋजबष्ल) सहयोग, संस्थागत स्तरोन्नति, एग्रो भेटस्थापना र संचालन सहयोग, कृषि उद्यम, कृषि पर्यटन र उद्यमशीलता विकास

**१३) पशुपालन परियोजनाअन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरु**

यस कार्यक्रम अन्तर्गत रहि पशुपालन तर्फ सञ्चालन गर्न सकिने क्रियाकलापहरु निम्नानुसार हुनेछन्,

क) समूह गठन र अभिमुखीकरण

ख) गोठ निर्माण र सुधार

ग) उन्नत नश्लको माउ तथा भाले पशु खरिद तथा वितरण

घ) उन्नत नश्लको सिमेन (वीउ) खरिद तथा वितरण

ङ) परजिवी तथा रोग नियन्त्रण, पशु खोप, छाडा चौपाया नियतन्त्रण, पशु स्वास्थ्य सेवा वितरण

च) प्रविधि हस्तान्तरण, एग्रो भेटस्थापना र संचालन सहयोग

छ) क्षमता विकास, सीप विकास, परामर्श सेवा

ज) मासु प्रशोधन, दुध प्रशोधन उद्योगलाई सहयोग, सम्बर्धन

झ) दुध चिस्यान केन्द्र निर्माण

**१४)मत्स्यपालन परियोजना अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरु** यस कार्यक्रम अन्तर्गत रहि मत्स्यपालन तर्फ सञ्चालन गर्न सकिने क्रियाकलापहरु निम्नानुसार हुनेछन्,

क) समूह गठन र अभिमुखीकरण

ख) पोखरी निर्माण र सुधार

ग) उन्नत जातको वा उच्च मूल्यको माछा भुरा खरिद तथा वितरण

घ) प्रविधि हस्तान्तरण

ङ) दाना उत्पादन, खरिदमा सहयोग

च) क्षमता विकास, सीप विकास, परामर्श सेवा

छ) मत्स्य पर्यटन पूर्वाधार निर्माणमा सहयोग

ज) मत्स्य प्रशोधन उद्योगलाई सहयोग, सम्बर्धन

**१५) कृषि सम्बन्धित परियोजना अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरु** यस कार्यक्रम अन्तर्गत रहि कृषि तर्फ सञ्चालन गर्न सकिने क्रियाकलापहरु निम्नानुसार हुनेछन्

क) समूह गठन र अभिमुखीकरण

ख) भौतिक पूर्वाधार निर्माण र सुधार

ग) उन्नत जातको विउ वा विरुवा खरिद तथा वितरण

घ) प्रविधि हस्तान्तरण

ङ) कम्पोष्ट मल उत्पादन, मल ढुवानीमा सहयोग

च) क्षमता विकास, सीप विकास, परामर्श सेवा

छ) कृषि पर्यटन पूर्वाधार निर्माणमा सहयोग

ज) कृषि उद्योगलाई सहयोग, सम्बर्धन

झ) बजार पूर्वाधार र भण्डारण पूर्वाधार निर्माण

ञ) बजारिकरण सहकारीरसमूहलाई सहयोग

**१६) व्यवसाय सम्बर्धन परियोजना अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरु:** कृषि व्यवसाय सम्बर्धन परियोजना अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरु निम्नानुसार हुनेछन्

क) आधारभुत सुविधा सहितको सह(कार्य कक्ष (Co-working Space),

ख) पूँजी व्यवस्थापन, बजार व्यवस्थापन, लेखा सम्बन्धी तालिम र परामर्श सेवा

ग) उद्योग प्रशासन, बौद्धिक सम्पत्ति सम्बन्धी कानूनी र प्रशासनिक सहयोग

घ) प्राविधिक प्रशिक्षण, व्यक्तिगत परामर्श (:भलतयचष्लन), तथा विशेषज्ञ सेवा

ङ) प्रयोगशाला प्रयोग वा परिक्षण

च) सुरु पूँजी (क्भभम ँगलम), स्टार्टअप सहयोग, एन्जल लगानी, वैंकिङ्ग तथा वित्तीय सेवा पहुँच

छ) सिमित रुपमा सहुलियत ऋण सेवा

ज) प्रशिक्षार्थी व्यवसायीलाई आवश्यक अध्ययन, अवलोकन, अन्तरक्रिया, सञ्जालिकरण सेवाहरु

परिच्छेद-४

## समूह वा सहकारी मार्फत परियोजना सञ्चालन पद्धती

**१७) कृषि वा आमा समूह मार्फत प्रवाह हुने वस्तुगत अनुदान परियोजनाको वितरण र मूल्यांकन विधीः**

क) वार्षिक कार्यक्रममा तोकिए बमोजिमका आमा समूह र कृषि समूहको लागि वस्तुगत अनुदान क्रियाकलापहरुलाई सवै वडामा समान हुने गरी नगर प्रमुखको निर्णयानुसार वितरण गरिनेछ । वडामा वितरण गरिएको वस्तुगत अनुदानलाई वडामा गठन गरिएका आमा समूह र कृषि समूहका वडास्तरिय समितिहरुले वडा अध्यक्षको रोहबरमा बाँडफाँड गर्नेछ ।

ख) वडास्तरिय समितिहरुले लाभग्राही समूह छनौट गर्नुपर्दा देहाय बमोजिम मूल्यांकन र छनौट गर्नुपर्नेछ:

१) सम्पूर्ण रुपमा गरिव, दलित र सीमान्तकृत वर्गको समूह भए - पहिलो प्राथमिकता

२) समूहमा गरिब, दलित वा सीमान्तकृत वर्गको सहभागिता ५०५ भन्दा बढी भएमा - दोस्रो प्राथमिकता

३) युवा कृषक समूह वा वैदेशिक रोजगारीबाट फर्की व्यवसाय गर्ने समूह भए - तेस्रो प्राथमिकता

४) प्रस्तावित व्यवसायमा समूहको लागत साझेदारी ५० प्रतिशत भन्दा बढी प्रस्ताव गर्ने जुन कुनै समूह - चौथो प्राथमिकता

५) बहुमत समूह सदस्यले सम्बन्धित व्यवसायमा तालिम लिएको भए - पाँचौ प्राथमिकता

ग) माथि उपदफा (ख) अनुसार लाभग्राही छनौट हुन नसकेमा दोस्रो चरण छनौट गर्दा यस अघि नगर वा प्रदेश वा संघीय सरकारका

कार्यक्रमबाट कुनै सुविधा नपाएको समूहलाई छनौट गर्नुपर्नेछ । त्यस्ता समूहहरु एक भन्दा बढी भए सो मध्ये लाभग्राहि छनौट गर्दा गोलाप्रथाद्वारा गर्नुपर्नेछ ।

घ) माथि उपदफा (क) र (ख) बमोजिम छनौट हुन नसकेमा वडास्तरिय समितिहरुले गोलाप्रथाद्वारा लाभग्राहि समूह चयन गर्नुपर्नेछ ।

ङ) कृषक वा आमा समुहलाई संचालन विउपुँजी वितरणको कार्यविधि देहाय बमोजिम हुनेछ ।

१. कृषक वा आमा समुहलाई प्रति समुह बढीमा २० हजार रुपैया निर्व्याजी दिन सकिनेछ ।

२. त्यस्तो विउ पूँजी वितरणको व्यावस्था कोषमार्फत गरिनेछ ।

३. विउ पूँजी माग निबेदन,वडा कार्यलयको सिफारिस, नगरपालिकाको कृषि इकाईबाट निर्णयार्थ पेश भए पस्चात प्रमुख प्रशासकीय हधिकृतले ऋण प्रवाहको निणय गर्न सक्नेछ ।

४. त्यस्तो ऋण बढीमा २ बर्ष सम्ममा एकमुष्ठ रुपमा तिर्नुपर्नेछ ।

५. विउ पूँजीको ऋण असुलीबाट प्राप्त रकम कोसमा जम्मा गरिने छ ।

**१८) समूह वा सहकारी मार्फत पशुपालन परियोजना सञ्चालन पद्धती**

यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने पशुपालन सम्बन्धी क्रियाकलापहरु समूह वा सहकारी मार्फत सञ्चालन गर्दा देहाय बमोजिमको पद्धती अपनाउनु पर्नेछ,

**क)पशु वितरण विधी**

१) परियोजना अन्तर्गत माउ पशु वस्तुगत अनुदान उपलव्ध गराउँदा कार्यालयले एक पटकमा एक समूह वा सहकारीको लागि उन्नत

जातका बढीमा २ वटा गाईरभैंसी वा १० वटा वंगुर, बाख्रा, भेंडार च्याङ्गाको लागि बढीमा ५० प्रतिशत अनुदान उपलव्ध गराउनेछ ।

२) लाभग्राही समूह वा सहकारीले अनुदान सहयोगमा प्राप्त माउ पशु प्रति सदस्य संख्या १ मा नबढने गरी गोलाप्रथाद्वारा सदस्यलाई सामूहिक जमानीमा वितरण गर्नेछ ।

३) माउ पशु प्राप्त गर्ने सदस्यले उक्त पशुको स्थानीय मूल्यांकनको आधारमा समूह वा सहकारी प्रति ऋणी हुनेछ ।उक्त सदस्यले आफुले प्राप्त गरेको पशुबाट उन्नत जातको वीउ प्रयोग गरी लगत्तै जन्मेका २ वटा स्वस्थ्य वच्चा दुध छुटेपश्चात ७५ प्रतिसत मुल्य लिएर समूहलाई फिर्ता गरेपछि उक्त ऋणबाट मुक्त हुनेछ ।

४) समूह वा सहकारीले सदस्यबाट ऋण चुक्ता वापत फिर्ता प्राप्त गरेको पशु वा कार्यालयबाट अनुदान प्राप्त गरेको पशुलाई क्रमशः बाँकी समूह सदस्यहरुलाई गोलाप्रथाद्वारा वितरण गर्नेछ ।

**ख) सामुहिक गोठ निर्माण, सञ्चालन विधी**

१) परियोजना अन्तर्गत सामुहिक गोठ निर्माण अनुदान उपलव्ध गराउँदा कार्यालयले एक पटकमा एक समूह वा सहकारीको लागि बढीमा १ वटा गाई/भैंसी वा २ वटा वंगुर/बाख्रा/भेंडा च्याङ्गाको गोठ बनाउन बढीमा ८० प्रतिशत अनुदान सहयोग उपलव्ध गराउनेछ ।

२) सामूहिक गाईरभैंसी गोठमा न्यूनतम २० माउ गाईरभैंसी पालन गर्नसक्ने क्षमता हुनुपर्नेछ ।सामूहिक वंगुर बाख्रा भेंडा च्याङ्गाको गोठमा न्यूनतम २०० वंगुरबाख्रा भेंडार च्याङ्गा पालन गर्नसक्ने क्षमता हुनुपर्नेछ ।

३) लाभग्राही समूह वा सहकारीले सामूहिक गोठ निर्माण गर्न समूह वा सहकारीको नाममा जग्गा रजिष्ट्रेशन पास भएको वा न्यूनतम २० वर्ष अवधीको जग्गा उपयोग सम्बन्धी लिज सम्झौता गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

४) कार्यालयले छनौट भएका समूह वा सहकारीसँग पुंजीगत निर्माण कार्य सञ्चालन गर्ने कार्यविधी र यस कार्यविधीको दफा ५ (ख) बमोजिम निर्माण सम्झौता र भुक्तानी गर्नेछ ।

५) सामूहिक गोठमा पशुपालन, व्यवस्थापन, खटनपटन, रेखदेख, मर्मत सम्भार, विवाद व्यवस्थापन र अन्य विषय सम्बन्धित समूह वा सहकारी आँफैले गर्नेछ ।

**ग) सामुहिक दुध चिस्यान केन्द्र निर्माण, सञ्चालन विधी**

१) परियोजना अन्तर्गत सामुहिक दुध चिस्यान केन्द्र निर्माण अनुदान माग गर्दा १० वटा समूहहरुले आपसी साझेदारी गरी संयुक्त निवेदन कार्यालयमा पेश गर्नुपर्नेछ ।

२) सामुहिक दुध चिस्यान केन्द्र निर्माण अनुदान उपलव्ध गराउँदा कार्यालयले लागत अनुमानको बढीमा ५० प्रतिशत अनुदान उपलव्ध गराउनेछ ।

३) सामुहिक दुध चिस्यान केन्द्र निर्माणको प्रस्तावमा न्यूनतम क्षमता ६००० लिटर, स्टेनलेस स्टीलको संरचना, विद्युत सुविधाको पहुँच सुनिश्चित गरेको हुनुपर्नेछ ।

४) सामूहिक दुध चिस्यान केन्द्र निर्माण गर्न समूह वा सहकारीको नाममा जग्गा रजिष्ट्रेशन पास भएको वा न्यूनतम २० वर्ष अवधीको जग्गा उपयोग सम्बन्धी लिज सम्झौता गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

५) चिस्यान केन्द्र निर्माण र उपयोग सम्बन्धी सम्झौता कार्यालय, आवद्ध सवै समूह वा सहकारी, तथा चिस्यान केन्द्र सञ्चालक सहकारी ( समूह वा सहकारीहरुको संयुक्त भेलाबाट गठित भइ नगरपालिकामा दर्ता भएको संस्था) विच त्रिपक्षीय रुपमा गर्नुपर्नेछ ।

६) चिस्यान केन्द्र निर्माण र उपयोग सम्बन्धी सम्झौता पश्चात उपभोक्ता समितिबाट पुंजीगत निर्माण कार्य सञ्चालन गर्ने कार्यविधी र यस कार्यविधीको दफा ५ (ख) अन्तर्गत रही कार्यालयले चिस्यान केन्द्र सञ्चालक सहकारीसँग चिस्यान केन्द्र निर्माण सम्झौता र भुक्तानी गर्नेछ ।

७) चिस्यान केन्द्रको सञ्चालन, व्यवस्थापन, खटनपटन, रेखदेख, मर्मत सम्भार, विवाद व्यवस्थापन र अन्य विषय सम्बन्धित चिस्यान केन्द्र सञ्चालक सहकारी आँफैले गर्नेछ ।

**१९) समूह वा सहकारी मार्फत मत्स्यपालन परियोजना सञ्चालन पद्धती:** यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने मत्स्यपालन सम्बन्धी क्रियाकलापहरुमा उच्च मूल्यका रेन्बो ट्राउट, असला, ग्रास कार्प, विगहेट कार्प, रहु जातका माछालाई प्राथमिकता दिई समूह वा सहकारी मार्फत देहाय बमोजिम सञ्चालन गर्नुपर्नेछ,

**क) भुरा वितरण विधी**

१) परियोजना अन्तर्गत माछा भुरा वस्तुगत अनुदान उपलव्ध गराउँदा कार्यालयले एक पटकमा एक समूह वा सहकारीको लागि बढीमा १०००० भुराको लागि शतप्रतिशत अनुदान उपलव्ध गराउनेछ ।

२) लाभग्राही समूह वा सहकारीले अनुदान सहयोगमा प्राप्त भुरा प्रति सदस्य १००० भुरामा नबढ्ने गरी गोलाप्रथाद्वारा सामूहिक जमानीमा सदस्यलाई वितरण गर्नेछ ।

३) भुरा प्राप्त गर्ने सदस्यले उक्त भुराको स्थानीय मूल्यांकनको आधारमा समूह वा सहकारी प्रति ऋणी हुनेछ ।उक्त सदस्यले समूह वा सहकारीको नियम मुताविक ऋण रकम साँवा व्याज सहित फिर्ता गरेपछि उक्त ऋणबाट मुक्त हुनेछ ।

**ख) सामुहिक पोखरी निर्माण, सञ्चालन विधी**

१) परियोजना अन्तर्गत सामुहिक पोखरी निर्माण अनुदान उपलव्ध गराउँदा कार्यालयले एक पटकमा एक समूह वा सहकारीको लागि बढीमा ३ वटा वा १००० वर्गमीट/को पोखरी बनाउन बढीमा ८० प्रतिशत अनुदान सहयोग उपलव्ध गराउनेछ ।

२) सामूहिक पोखरीको डिजाइनमा कंक्रिट वा प्लाष्टिक संरचना, पानी इनलेट / आउटलेटको व्यवस्था, निरन्तर पानी आपूर्ति हुनसक्ने स्रोतको व्यवस्था गरेको हुनुपर्नेछ ।

३) लाभग्राही समूह वा सहकारीले सामूहिक पोखरी निर्माण गर्न समूह वा सहकारीको नाममा जग्गा रजिष्ट्रेशन पास भएको वा न्यूनतम २० वर्ष अवधीको जग्गा उपयोग सम्बन्धी लिज सम्झौता गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

४) छनौट भएका समूह वा सहकारीसँग कार्यालयले पुँजीगत निर्माण कार्य सञ्चालन गर्ने कार्यविधी र यस कार्यविधीको दफा ५ (ख) अन्तर्गत रही निर्माण सम्झौता र भुक्तानी गर्नेछ ।

५) सामूहिक पोखरीमा माछापालन, व्यवस्थापन, खटनपटन, रेखदेख, मर्मत सम्भार, विवाद व्यवस्थापन र अन्य विषय सम्बन्धित समूह वा सहकारी आँफैले गर्नेछ ।

**१९) समूह वा सहकारी मार्फत कृषि सम्बन्धी परियोजना सञ्चालन पद्धतीः** यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने कृषि सम्बन्धी कृषि प्रसार र वागवानी विकासका क्रियाकलापहरु समूह वा सहकारी मार्फत सञ्चालन गर्दा देहाय बमोजिमको पद्धती अपनाउनु पर्नेछ,

क) यस कार्य्विधी बमोजिम कार्यालयले कृषि प्रसार अन्तर्गत अगार्निक तरकारी, तरकारी विउ, अलैंची, माहुरीपालन, च्याउखेती, चिया खेतीलाई प्रोत्साहन गनेछ ।वागवानी अन्तर्गत कार्यालयले केरा, सुन्तला, कागती, जुनार, मेवा, अनार, रुद्राक्ष खेतीलाई प्रोत्साहन गर्नेछ ।

ख) सूचनामा तोकिएका कार्यक्षेत्रमा प्रस्तावकले माग गरे अनुसारका वस्तु उत्पादन, प्रशोधन र बजारीकरणमा कार्यालयले सहयोग गर्नेछ ।

ग) कार्यालयले सूचना प्रकाशन गरि समूह वा सहकारी मार्फत कृषि सम्बन्धी व्यवसायिक योजनाहरु माग गर्नेछ ।

घ) कृषि परियोजना अन्तर्गत देहायका क्रियाकलापहरु शत प्रतिशत अनुदानमा कार्यालयले समूह वा सहकारीलाई उपलव्ध गराउनेछ

१) समूह गठन र अभिमूखीकरण

२) उन्नत जातको विउ, विरुवा, सिमेन, भुरा, माहुरी वितरण

३) औजार, सामाग्री, घार, क्रेट वितरण

४) मलढुवानी अनुदान

५) क्षमता विकास, सीप विकास तालिम, परामर्श सेवा

ङ) कृषि परियोजना अन्तर्गत देहायका क्रियाकलापहरु ५० प्रतिशत अनुदानमा कार्यालयले समूह वा सहकारीलाई उपलव्ध गराउनेछ:

१) भौतिक पूर्वाधार निर्माण र सुधार
२) प्रविधि, मेशिनरी हस्तान्तरण
३) कम्पोष्ट मल उत्पादन सहयोग
४) कृषि उपज भण्डारण पूर्वाधार निर्माण

च) कृषि परियोजना अन्तर्गत देहायका क्रियाकलापहरु ५० प्रतिशत वा सो भन्दा कम अनुदानमा कार्यालयले समूह वा सहकारीलाई उपलव्ध गराउनेछ:

१) कृषि पर्यटन पूर्वाधार निर्माणमा सहयोग
२) बजारिकरण सहकारीरसमूहलाई पूँजीगत सहयोग

## परिच्छेद-५

## कृषक वा निजी फर्म मार्फत परियोजना सञ्चालन पद्धती

### २०) प्रथमिकता प्राप्त उत्पादनहरु

क) यस कार्यविधी बमोजिम कार्यालयले कृषि प्रसार अन्तर्गत अर्गानिक तरकारी, तरकारी विउ, अलैंची, माहुरीपालन, च्याउखेती, चिया खेतीलाई प्रोत्साहन गर्नेछ ।वागवानी अन्तर्गत कार्यालयले केरा, सुन्तला, कागती, जुनार, मेवा, अनार, रुद्राक्ष खेतीलाई प्रोत्साहन गर्नेछ । पशुपालन अन्तर्गत उन्नत जातका भैंसी, गाई, वाख्रा, च्याङ्गा, वंगुरपालनलाई प्रोत्साहन गर्नेछ

। मत्स्यपालन अन्तर्गत रेन्बोट्राउट, असला, ग्रास कार्प, विगहेट कार्प, रहु जातका माछापालनलाई प्रोत्साहन गरिनेछ ।

ख) यस कार्यविधी बमोजिम निजी फर्म र उद्योगमा कृषि उपज प्रशोधन, प्याकेजिङ्गस मल, विउ, विरुवा, दाना, औषधी उत्पादनस मासु, दुध, माछा प्रशोधनस कृषि पर्यटन उद्योगस प्रविधि अनुसन्धान र विकास आदिलाई प्रोत्साहन गरिनेछ ।

## २१) कृषक वा निजी फर्मलाई शतप्रतिशत अनुदानमा सहयोग उपलव्ध गराउने विधी

क) सीप विकास तालिम कृषक, फर्म वा उद्यमीलाई देहाय बमोजिम शत प्रतिशत सेवा अनुदानमा सीप विकास तालिम प्रदान गरिनेछ ।:

१) वार्षिक कार्यक्रम बमोजिम कार्यालयले तोकेको विधीमा आधारित भइ सीप विकास तालिमका लाभग्राही कृषक छनौट गरिनेछ ।

२) त्यस्तो तालिम २ दिने, १ हप्ते, १५ दिने वा १ महिना अवधिको सञ्चालन गरिनेछ ।

३) यस कार्य्विधीको कार्यक्षेत्र भित्रका कुनै पनि विषयमा तालिम सञ्चालन गरिनेछ ।

४) सफलतापूर्वक तालिममा भाग लिने लाभग्राहीलाई प्रमाणपत्र सहित उत्तीर्ण गरिनेछ ।

ख) वार्षिक कार्यक्रममा तोकिए बमोजिम प्रस्ताव आह्वान र छनौट गरी कृषक, फर्म वा उद्योगलाई शत प्रतिशत वस्तुगत अनुदानमा विउ, विरुवा, सिमेन, भुरा, माहुरी, औजार, सामाग्री, घार, क्रेट वितरण गरिनेछ ।

ग) क्षमता विकास परामर्शः कृषक, फर्म वा उद्यमीलाई देहाय बमोजिम शत प्रतिशत सेवा अनुदानमा क्षमता विकास परामर्श सेवा प्रदान गरिनेछ:

१) वार्षिक कार्यक्रम बमोजिम कार्यालयले तोकेको विधीमा आधारित भइ क्षमता विकास र परामर्श सेवाका लाभग्राही कृषक छनौट गरिनेछ।

२) त्यस्तो परामर्श सेवा कार्यालयले निर्धारण गरे बमोजिम सञ्चालन गरिनेछ।

३) यस कार्यविधीको कार्यक्षेत्र भित्रका कुनै विषयमा क्षमता विकास परामर्श सेवा दिइनेछ।

**२२) कृषक वा निजी फर्मलाई ७० प्रतिशत अनुदानमा सहयोग उपलव्ध गराउने विधीः**

क) परियोजना अन्तर्गत गोठ सुधार वा निर्माण अनुदान उपलव्ध गराउँदा कार्यालयले एक पटकमा एक कृषक वा फर्मका लागि ७० प्रतिशत अनुदान वा २० हजार रुपैया मध्ये जुन थोरै हुन्छ सो अनुसारको रकम विल वमोजिम उपलव्ध गराउनेछ।

ख) परियोजना अन्तर्गत प्लाष्टिकरढुङ्गे`रकच्चा पोखरी निर्माण अनुदान उपलव्ध गराउँदा कार्यालयले एक पटकमा एक कृषक वा फर्मका लागि ७० प्रतिशत अनुदान वा १० हजार रुपैया मध्ये जुन थोरै हुन्छ सो अनुसारको रकम विल वमोजिम उपलव्ध गराउनेछ।

ग) परियोजना अन्तर्गत कंक्रिट पोखरी निर्माण अनुदान उपलव्ध गराउँदा कार्यालयले एक पटकमा एक कृषक वा फर्मका लागि ७० प्रतिशत अनुदान वा ३० हजार रुपैया मध्ये जुन थोरै हुन्छ सो अनुसारको रकम विल वमोजिम उपलव्ध गराउनेछ।

घ) परियोजना अन्तर्गत प्लाष्टिक टनेल निर्माण अनुदान उपलव्ध गराउँदा कार्यालयले एक पटकमा एक कृषक वा फर्मका लागि ७० प्रतिशत अनुदान वा १० हजार रुपैया मध्ये जुन थोरै हुन्छ सो अनुसारको रकम विल वमोजिम उपलव्ध गराउनेछ ।

ङ) परियोजना अन्तर्गत कुलो, वैकल्पिक सिंचाई वा अन्य भौतिक पूर्वाधार निर्माण अनुदान उपलव्ध गराउँदा कार्यालयले एक पटकमा एक कृषक वा फर्मका लागि ७० प्रतिशत अनुदान वा २० हजार रुपैया मध्ये जुन थोरै हुन्छ सो अनुसारको रकम विल वमोजिम उपलव्ध गराउनेछ ।

**२३) कृषक वा निजी फर्मलाई ६० प्रतिशत भन्दा कम अनुदान वा सहुलियत ऋण सहयोग उपलव्ध गराउने विधीः**कृषि परियोजना अन्तर्गत देहायका क्रियाकलापहरु ५० प्रतिशत भन्दा कम अनुदान वा सहुलियत ऋणमा कार्यालयले कृषक वा निजी फर्मलाई उपलव्ध गराउनेछः

क) परियोजना अन्तर्गत नमुना कृषकलाई उन्नत जातका माउ गाई, भैंसी, वंगुर, बाख्रा, भेंडा, च्याङ्ग्रा आदि वितरण गर्दा कार्यालयले एक पटकमा एक कृषक वा फर्मका लागि ४० प्रतिशत अनुदान रकम वा ६० प्रतिशत सहुलियत ऋण विल वमोजिम उपलव्ध गराउनेछ ।

ख) परियोजना अन्तर्गत कृषि पर्यटन पूर्वाधार निर्माण जस्तै होमस्टे, रेष्टुरेण्ट आदिमा सहयोग उपलव्ध गराउँदा कार्यालयले एक कृषक वा फर्मका लागि एक पटक व्यवसायिक योजनामा उल्लेखित कार्यक्षेत्रमा व्यवसायिक योजना उल्लेखित लागतको ३० प्रतिशतमा नबढ्ने गरी सहुलियत ऋण उपलव्ध गराउनेछ ।

ग) परियोजना अन्तर्गत कृषि उद्योग, एग्रो भेटलाई सहयोग क्रियाकलाप सञ्चालन गर्दा व्यवसायिक योजनामा उल्लिखित कार्यक्षेत्रमा

व्यवसायिक योजनामा उल्लिखित लागतको ३० प्रतिशतमा नबढ्ने गरि सहुलियत ऋण उपलव्ध गराउनेछ ।

घ) प्रस्तावित व्यवसायिक योजनामा कुनै वैंक वा सहकारीबाट सहवित्तीयकरण हुने प्रस्ताव सहित पेश भएको अवस्थामा वा कार्यालयको कृषि व्यवसाय सम्बर्धन कार्यक्रममा आवद्ध व्यवसायलाई ऋण प्रवाह गर्दा प्राथमिकता दिइनेछ ।

ङ) परियोजना अन्तर्गत प्रविधि वा मेसिनरि उपकरण हस्तान्तरण गर्दा बिल बमोजिमको लागत रकममा ५० प्रतिसत वस्तुगत अनुदान उपलब्ध गराउने ।

च) परियोजना अन्तर्गत कृषक, फर्म, उद्योगलाई दुध चिस्यान केन्द्र वा मासु प्रसोधन उद्योग निर्माणका लागि सहयोग उपलव्द गराउँदा कार्यलयले लागत अनुमानको बढिमा ३०प्रतिसत हनुदान वा दफा ८ को उपदफा ९ बमोजिम सहुवलयत ऋण उपलब्ध गराउनेछ । त्यस्तो दुध चिस्यान केन्द्रको न्युनतम क्षमता २००० लिटर स्टेनलेस स्टीलको संरचना विद्युत सुविधाको पहुँच सुनिस्चित गरि प्रस्ताव पेश गरेको हुनुपर्नेछ । मासु प्रशोधन उद्योगको हकमा दैनिक न्युनतम ५०० के.जी.मासु प्रसोधन क्षमता, २०० के.जी. क्षमताको रेफ्रिजरेटर,विद्युत सुविधा पहुँच सुनिस्चित गरेको हुनुपर्नेछ ।

# परिच्छेद-६

## विषयगत परियोजना सञ्चालन पद्धती

२४) **प्रविधि हस्तान्तरण परियोजना सञ्चालन पद्धती:**यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने प्रविधि हस्तान्तरण सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्दा देहाय बमोजिमको पद्धती अपनाउनु पर्नेछ,

क) यो कार्यविधी अन्तर्गत रहि कार्यालयले विषयगत मेशिनरी, औजार, उपकरण, प्रविधि, र पुँजीगत साधनको व्यवस्था गर्नेछ ।

ख) उपरोक्त प्रविधि वा साधनको खरिद व्यवस्था कार्यालयले प्रचलित खरिद कानून अनुसार गर्नेछ ।

ग) शैक्षिक, अनुसन्धानमूलक वा उद्यमशीलतासँग विज्ञता राख्ने संस्थासँग लिखित समझदारी गरी कार्यालयले प्रविधि हस्तान्तरण सम्बन्धी परियोजनाहरु सञ्चालन गर्न सक्नेछ ।

घ) कार्यालयले खरिद गरेको मेशिनरी, औजार, उपकरण, प्रविधि, र पुँजीगत साधनलाई लाभग्राहीहरु विच प्रस्ताव आह्वान, मूल्यांकन र छनौट गरी यस कार्यविधी अनुसार विण गर्नेछ ।

ङ) उपदफा (ग) अनुसार छनौट भएका प्रस्तावकहरुले यस कार्यविधीमा तोकिए बमोजिमको लागत सहभागिता रकम जम्मा गरेपश्चात त्यस्तो मेशिनरी, औजार, उपकरण, प्रविधि वा पुँजीगत साधन हस्तान्तरण गरिनेछ ।

च) प्रविधि हस्तान्तरण परियोजना अन्तर्गत माटोको गुणस्तर सुधार, मल उत्पादन, रोग नियन्त्रण, सिंचाई, फलफुल खेती र प्रशोधन, तरकारी खेती र प्रशोधन, तरकारीका विउ उत्पादन, पशुपालन र दुधरमासु प्रशोधन, मत्स्यपालन र माछा प्रशोधन, चियारकफी खेती र प्रशोधन, जडिबुटी खेती र प्रशोधन, नयाँ प्रविधि -टिस्युकल्चर) बाट विरुवा उत्पादन, ग्रीन हाउस, मौरीपालन र मह प्रशोधन, फुल खेती र प्रशोधन, कृषि वा वनजन्य कच्चा पदार्थमा आधारित औद्योगिक उत्पादनका क्षेत्रसँग सम्बन्धित प्रविधिहरु हस्तान्तरण गरिनेछ ।

२५) **क्षमता विकास सम्बन्धी परियोजना सञ्चालन पद्धती**यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने क्षमता विकास सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्दा देहाय बमोजिमको पद्धती अपनाउनु पर्नेछ,

क) यो कार्यविधी अन्तर्गत रहि कार्यालयले सहकारी, समूह, कृषक, फर्म, उद्योग, कर्मचारी र एजेण्टहरुको लागि क्षमता विकास सम्बन्धी परियोजनाहरु सञ्चालन गर्नेछ ।

ख)उपरोक्त क्षमता विकास सम्बन्धी सेवा कार्यालयले आँफै वा परामर्शदाताको सेवा खरिद गरी प्रदान गर्नेछ ।

ग) क्षमता विकास सम्बन्धी परियोजनाहरुको लाभग्राही वितरणकारी न्यायको सिद्धान्त अनुसार, वडा कार्यालयको सिफारिशमा, आलोपालो रुपमा सवै सहकारी, समूह, कृषक, फर्म, उद्योगले अवसर पाउने गरी कार्यालयले छनौट गर्नेछ ।

घ) शैक्षिक, अनुसन्धानमूलक वा उद्यमशीलतासँग विज्ञता राख्ने संस्थासँग लिखित समझदारी गरी कार्यालयले क्षमता विकास सम्बन्धी परियोजनाहरु सञ्चालन गर्न सक्नेछ ।

२६) **सीप विकास सम्बन्धी परियोजना सञ्चालन पद्धती**यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने सीप विकास सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्दा देहाय बमोजिमको पद्धती अपनाउनु पर्नेछ,

क) यो कार्यविधी अन्तर्गत रहि कार्यालयले सहकारी, समूह, कृषक, फर्म, र उद्योगहरुको लागि सीप विकास सम्बन्धी परियोजनाहरु सञ्चालन गर्नेछ ।

ख) उपरोक्त सीप विकास सम्बन्धी सेवा कार्यालयले आँफै वा परामर्शदाताको सेवा खरिद गरी प्रदान गर्नेछ ।

ग) सीप विकास सम्बन्धी परियोजनाहरुको लाभग्राही वितरणकारी न्यायको सिद्धान्त अनुसार, वडा कार्यालयको सिफारिशमा, आलोपालो रुपमा सवै सहकारी, समूह, कृषक, फर्म, उद्योगले अवसर पाउने गरी कार्यालयले छनौट गर्नेछ ।त्यसरी लाभग्राही छनौट गर्दा संचालन भइरहेका कृषि फर्म वा उद्योगलाई विशेष प्राथमिकता दिइनेछ ।

घ) शैक्षिक, अनुसन्धानमूलक वा उद्यमशीलतासँग विज्ञता राख्ने संस्थासँग लिखित समझदारी गरी कार्यालयले सीप विकास सम्बन्धी परियोजनाहरु सञ्चालन गर्न सक्नेछ ।

ङ) सीप विकास तालिम कार्यक्रमहरु सञ्चालन गर्दा कार्यालयले २ दिने, १ हप्ते, १५ दिने, १ महिने तालिमहरु सञ्चालन गर्न सक्नेछ ।

च)सीप विकास तालिमहरुमा न्यूनतम ५० प्रतिशत व्यवहारिक सिकाई र शिक्षण विधी अपनाउनु पर्नेछ ।

छ) यस कार्यविधी अनुसार प्रवाह भएका अनुदान, ऋण, वस्तुगत सहयोग, प्रविधि हस्तान्तरण सम्बन्धी क्रियाकलापहरुमा परिपुरण गर्ने गरी सीप विकास तालिम योजना निर्माण र कार्यान्वयन गर्नुपर्नेछ ।

ज) यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने सीप विकास तालिमहरुले मूल्य श्रृङ्खलामा मूल्य अभिवृद्धि हुने गरी उत्पादनमूलक व्यवसाय स्थापना, दर्ता, स्तरोन्नति गर्ने लक्ष्य लिइ सो अनुसार तालिम कार्यक्रम तयार गरी सञ्चालन गर्नुपर्नेछ ।

२७) **व्यवसाय सम्बर्धन परियोजना सञ्चालन पद्धतीः**यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने व्यवसाय सम्बर्धन सम्बन्धी परियोजना सञ्चालन गर्दा देहाय बमोजिमको पद्धती अपनाउनु पर्नेछ,

क) दोस्रो चरण छनौट:दफा ८ बमोजिमको प्रस्ताव आह्वान र दफा-९ बमोजिम छनौट भएका प्रस्तावहरु मध्ये व्यवसाय सम्बर्धन परियोजनाका लागि पेश भएका प्रस्तावहरुको हकमा दोस्रो चरणको छनौट गरिनेछ ।यस्तो दोस्रो चरणको छनौटमा देहाय बमोजिम अंकभार प्रदान गरी लाभग्राही चयन गरिनेछ ।

१) प्रस्तावको पृष्ठभूमी, ज्ञान र प्रतिबद्धता - बढीमा १० अंक

२) प्रस्तावमा उल्लेखित नवीन सोच र योजना - बढीमा २० अंक

३) प्रस्तावकले माग गरेको सहयोग र कार्यक्रमको क्षमता - बढीमा २० अंक

४) प्रस्तावको प्राविधिक र व्यवसायिक सम्भाव्यता - बढीमा २० अंक

५) नगरको समग्र आर्थिक योजना र औद्योगिक उन्नतिमा पार्ने प्रभाव - बढीमा २० अंक

६) प्रस्तावकको प्रादेशिक, राष्ट्रिय वा अन्तर्राष्ट्रिय बजार संजाल - बढीमा १० अंक

**ख) व्यवसाय सम्बर्धन सम्झौता:**

१) स्वीकृत व्यवसायिक योजना र प्रस्तावलाई प्रमुख प्रशासकीय अधिकृत र प्रस्तावक वीच आपसी छलफल गरेर परिमार्जन गर्न सकिनेछ ।

२) यसरी अन्तिम रुप दिइएको व्यवसायिक योजना कार्यान्वयन गर्न प्रस्तावकले कार्ययोजना तयार गरी पेश गर्नुपर्नेछ ।

३) स्वीकृत कार्य योजना अनुसार पारित प्रस्तावका प्रस्तावकसँग भर्ना सम्झौता गरिनेछ ।

४) यसरी गरिने भर्ना सम्झौतामा सामान्यतस् निम्न कुराहरु उल्लेख गरिनेछ:

क) प्रशिक्षार्थी व्यवसायी कार्यक्रममा रहने अवधि
ख) प्रशिक्षर्थी व्यवसायीले उपयोग गर्ने भौतिक सुविधाहरु
ग) कार्यक्रमबाट प्राप्त सुविधाहरुको मूल्य कायम गर्ने विधी र प्रशिक्षार्थी व्यवसायीले व्यहोर्ने अंश
घ) प्रशिक्षर्थी व्यवसायीले उपयोग गरेका सुविधा वापतको रकम भुक्तानी गर्ने तरिका
ङ) प्रशिक्षार्थी व्यवसायीले पालन गर्नुपर्ने शर्तहरु
च) प्रशिक्षार्थी व्यवसायीको कार्यप्रगति मूल्यांकन विधी
छ) प्रशिक्षार्थी व्यवसायीलाई ग्राजुएशन गर्ने विधी
ज) प्रशिक्षार्थी व्यवसायीको आचरण, अनुशासन, न्यून प्रगति वा अनुपस्णि कार्यक्रमबाट हटाउने विधी ।

**ग) व्यवसाय सम्बर्धन सम्बन्धी सेवाहरु**यस परियोजना अन्तर्गत देहाय बमोजिमका सेवाहरु प्रदान गरिनेछ:

१) कार्यालयले तोकेको स्थानमा कार्यकक्ष, फर्निचर, कम्प्युट/, प्रिन्ट/ फोन, फोटोकपी, इन्ट/ नेट सुविधा प्रदान गरिनेछ । उक्त सुविधा उपयोग गरेबापतको शुल्क कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ
२) पूँजी व्यवस्थापन सम्बन्धी परामर्श सेवा पूर्छा अनुदानमा प्रदान गरिनेछ ।
३) बजार व्यवस्थापन तथा लेखा सम्बन्धी प्रशिक्षण र परामर्श सेवा पूर्ण अनुदानमा प्रदान गरिनेछ ।
४) व्यवसाय वा उद्योग दर्ता, नवीकरण, नामसारी, ठाँउसारी र बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी परामर्श, कागजात तयारी, सिफारिश वा अन्य सहयोग पूर्ण अनुदानमा प्रदान गरिनेछ ।

५) प्राविधिक प्रशिक्षण, व्यक्तिगत परामर्श (:भलतयचष्लन), तथा विशेषज्ञ सेवा पूर्ण अनुदानमा प्रदान गरिनेछ ।

